मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

महिला सशक्तिकरण र समाजसेवा मेरो लक्ष्यः पृष्ठ २



◆ वर्ष : २६ ◆ अङ्क : २४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ मंसीर २६ गते शुक्रवार (Friday, December 11. 2020) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# रोकिएन हत्या र बलात्कार

**झापा, मंसीर २५।** हरेक वर्ष नोभेम्बर २५देखि डिसेम्बर १० तारिखसम्म मनाइने महिला हिंसाबिरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान सकिएको छ । झापासहित देशभर लैङ्गिक हिंसाविरुद्धको दिवस मनाइरहँदा महिला हिंसाका घटना भने रोकिएका छैनन् ।

झापामा महिला हिंसाका घटनामा वृद्धि भएको महिला अधिकारकर्मीहरुको भनाइ छ । अभियानकै समयमा विद्यार्थीलाई पटक-पटक बलात्कार गरी गर्भवती बनाएर झापाका एक शिक्षक फरार भएका छन् । फरार हुने व्यक्ति सेन्ट स्टार मार्क रहेको प्रहरीले जनाएको छ ।

दमकस्थित ग्रीन वे नामको एक निजी विद्यालयका ती शिक्षकले कक्षा ७मा अध्ययन गर्ने १४ वर्षीया बालिकालाई बलात्कार गरेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । बालिका विद्यालयको होस्टेलमा बस्दै आएकी थिइन् । प्रहरीका अनुसार अभियुक्त शिक्षक भारतीय नागरिक हुन् । घटना सार्वजनिक भएसँगै प्रहरी अनुसन्धानमा जुटेको दमकका प्रहरी नायब उपरीक्षक बिजय पण्डितले जानकारी दिए । बालिका हाल परिवारकै



साथमा रहेकी छिन् भने शिक्षक फरार छन् । बालिकाको पेटमा दुई महिनाको गर्भ रहेको बताइएको छ ।

यता झापाकै मेचीनगर-१३स्थित चारआली नजिकै ७० वर्षीया एक वृद्धाको बलात्कारपछि हत्या भएको छ । पूर्व पश्चिम महेन्द्र राजमार्गको पाउपाथीभरा मन्दिर अगाडि कल्भर्टमुनि अर्जुनधारा नगरपालिका-११ निवासी ७० वर्षीया वृद्धा माइना हस्दाको बलात्कारपछि हत्या भएको अवस्थामा शव फेला परेको थियो । वृद्धाको शव राजमार्गको कल्भर्टमुनि बिहीबार फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए ।

वृद्धाको बलात्कारपछि हत्यामा संलग्न भएको आरोपमा प्रहरीले भद्रपुर नगरपालिका-४का ३५ वर्षीय विशाल बिर्जालाई पक्राउ गरेको छ । बिर्जा आफैंले कल्भर्टमुनि वृद्धाको शव फेला परेको भन्दै प्रहरीलाई खबर गरेको बताइएको छ । सोधपुछका लागि प्रहरीले बिर्जालाई राखेपछि उनी आफैंले बुधवारराति वृद्धाको बलात्कारपछि घाँटी थिचेर हत्या गरेको प्रहरीलाई बयान दिएको प्रहरी उपरीक्षक कोइरालाले बताए ।

त्यस्तै सशस्त्र प्रहरीका असईलाई १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गर्न खोजेको आरोप लागेको छ । सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक सूर्य कटुवाललाई बालिकालाई जवरजस्ती करणी गर्न खोजेको आरोप लागेको हो ।

उनले गौरीगञ्ज गाउँपालिका निवासी १२ वर्षीया

*(बाँकी अन्तिम पृष्ठमा)*

## आमालाई कुटेपछि छोरीद्वारा बुबाको हत्या

**झापा, मंसीर २५।** उदयपुरमा बुवाले मदिरा पिएर आमालाई कुटपिट गरेको भन्दै छोरीले बुवाको हत्या गरेकी छिन् ।

२८ वर्षीया अनिशा पुलामी मगरलाई प्रहरीले आफ्नै बुबाको हत्या अभियोगमा पक्राउ गरेको छ । लिम्चुङ्बुङ गाउँपालिका-२ डाँडागाउँ बस्ने अनिशाले आफ्नै बुबा ५५ वर्षीय नेत्रबहादुर पुलामीलाई कुटपिट गर्दा उनको मृत्यु भएको प्रहरी उपरीक्षक भीम दाहालले जानकारी दिए ।

दाहालका अनुसार नेत्रबहादुर मंगलबारसाँझ गाउँकै एउटा बिहेमा गएका थिए । बिहेमा मदिरा सेवन गरेर घर फर्किएपछि उनले श्रीमती अस्मितालाई कुटपिट गरे । कुटपिट गरेको खबर

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुरक्षा बढाउन निर्देशन

**झापा, मंसीर २५।** नेपाल प्रहरीले मुलुकभर सुरक्षा सतर्कता बढाउन निर्देशन दिएको छ । कानूनविपरीतका आपराधिक घटना बढ्न सक्ने जनाउँदै उसले आफ्ना मातहतका ७७ वटै जिल्लाका प्रहरीलाई उच्च सावधानीका साथ सुरक्षा सतर्कता बढाउन भनेको हो ।

प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले भने- पहिलेदेखि लागू हुँदै आएको सुरक्षा योजनालाई अझै कडाइका साथ पालना गर्न र सुरक्षा चुनौति विश्लेषण गरेर संयुक्त रूपमा टोली परिचालन गर्ने कुरालाई विशेष ध्यान दिने गरी निर्देशन दिइएको छ ।

यही मंगलबार मोरङको मिक्लाजुङमा शिक्षक राजेन्द्रकुमार श्रेष्ठको बर्बतापूर्ण तरिकाले हत्या भएको थियो । उक्त हत्यामा नेत्रविक्रम चन्द समूहको संलग्नता रहेको प्रहरीले जनाएको छ । घटना भएको भोलिपल्ट बुधबार गृहमन्त्रालयले तीनवटै सुरक्षा निकायका प्रमुखसँग 'सुरक्षा ब्रिफिङ' लिएको थियो । उक्त ब्रिफिङ नियमित भएको गृह प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिए ।

यसअघि सो समूह भौतिक संरचनालाई क्षति पुऱ्याउन विष्फोट गराउने क्रियाकलाप संलग्न रहेको बताइएको छ । उपत्यकामा बम विस्फोटन गर्ने क्रममा केही सर्वसाधारण र केही आफ्नै कार्यकर्ता समेत मारिएका थिए । गतिविधि आपराधिक हुन थालेपछि सरकारले वि.सं. २०७५ फागुन २८ गतेबाट चन्द समूहका गतिविधि रोक्ने निर्णय गरेको थियो ।

# चारआली-केचना सडकः संरचना नहटाए भत्काइने

**झापा, मंसीर २५।** चारआली-केचना सडकखण्डमा पर्ने घर टहरा तथा भौतिक संरचना तत्काल हटाउन आग्रह गरिएको छ ।

सडक बिभाग अन्तर्गतको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरीले मंसीर १६ गते सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो ।

योजना कार्यालयको सूचनामा चारआली-केचना र मेची-रतुवा पुल सडकहरूको सडक स्तरोन्नतिको क्रममा रहेकोले हुलाकी सडकको केन्द्र बिन्दुदेखि १५-१५ मिटरभित्रका भौतिक सामग्री, घरटहरा, पर्खाल आदि ३० दिनभित्र हटाउन सम्बन्धित सबैलाई जानकारी गराइन्छ, अन्यथा सडक सीमा अतिक्रमण गर्ने उपर सार्वजनिक सडक ऐन २०३१को दफा १९को १, २ र ३ बमोजिम कारबाही भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ । साथै, उक्त अवधिभित्र अनधिकृत रुपमा रहेका भौतिक संरचना तथा घरटहराहरू नहटाइएमा सो संरचना हटाइने छ र यसरी हटाउँदा लाग्ने सम्पूर्ण खर्च समेत सम्बन्धित व्यक्तिबाट नै असुल उपर गरिने सूचनामा उल्लेख गरिएको छ ।

यता मेची राजमार्गको चारआली-केचना सडकखण्ड अन्तर्गत भद्रपुरस्थित कृषि विकास बैङ्क अगाडिदेखि ट्रेड युनियन चोकसम्मको निर्माणाधीन सडक मापदण्ड बमोजिम नभएको भन्दै स्थानीय आन्दोलित बनेका छन् ।

जिल्लाकै सदरमुकाम जोड्ने करिब ३ सय मिटर सडक अहिले निर्माणाधीन अवस्थामा रहेको छ । तर, सो बाटो सडक ऐन २०३१को मापदण्ड अनुसार विस्तार नगरिएको भन्दै स्थानीय आन्दोलित बनेका

*(बाँकी अन्तिम पृष्ठमा)*

## मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु, युवती घाइते

**पाँचथर, मंसीर २५ ।** मोटरसाइकल दुर्घटना हुँदा पाँचथरको हिलिहाङ गाउँपालिकाका एक युवकको मृत्यु भएको छ भने सोही मोटरसाइकलमा सवार युवती गम्भीर घाइते भएकी छन् ।

मृत्यु हुनेमा हिलिहाङ-१का २४ वर्षीय प्रवीण कालिकोटे र घाइते हुनेमा हिलिहाङ-२की अन्दाजी २० वर्षीया मुना पाखिन छिन् । मेची राजमार्ग अन्तर्गत हिलिहाङ-१ दुवीचौरमा सडकभन्दा तल दुर्घटनाग्रस्त अवस्थामा मे४प ८९४ नंको मोटरसाइकलसहित उनीहरुलाई स्थानीयवासीले विहीवार बिहान फेला पारेका थिए । प्रहरी र स्थानीयवासीले दुवैलाई उद्धार गरी जिल्ला अस्पताल ल्याएकोमा कालिकोटेलाई चिकित्सकले मृत घोषणा गरेका थिए । गम्भीर घाइते भएकी पाखिनलाई थप उपचारका लागि झापा पठाइएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

आफैंले चलाएको मोटरसाइकल अनियन्त्रित भई सडकबाट झरेको प्रहरीको अनुमान छ। मोटरसाइकल सडकबाट करिब ३० मिटर तल झरेको पाइएको छ। मध्यरात दुर्घटना भएको स्थानीयवासीको अनुमान छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिप्रका सूचना अधिकारी प्रहरी निरीक्षक डम्बर विश्वकर्माले जानकारी दिए।

**यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर**

**मंसीर २८ गते आइतवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**सूचना**

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- बैंक नोट वा सिक्का जलाउने, गाल्ने-च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,
- अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,
- एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**



# मानव अधिकार दिवसमा कोरोनाको प्रभाव बारे चर्चा



**झापा, मंसीर २५।** ७२औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर झापाको बिर्तामोडमा बिहीवार नागरिकका आधारभूत मानव अधिकार र कोभिड १९ले पारेको प्रभाव विषयक कार्यक्रम सम्पन्न भएको छ।

मानव अधिकार सञ्जाल झापा र न्याय तथा विकासका लागि सामाजिक सञ्जालको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो। प्रदेशसभा सदस्य एकराज कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला, मानव अधिकार सञ्जाल झापाका विष्णु खरेल, जिल्ला जनस्वास्थ्य कार्यालय झापाका निमित्त कार्यलय प्रमुख ईश्वरीप्रसाद पौडेल, अधिवक्ता कविता शर्मा, एन-प्याव्सन झापाका पूर्वअध्यक्ष सञ्जीव राई लगायतले बोलेका थिए।

कार्यक्रममा नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, विद्यार्थी, मानवअधिकारकर्मी सहभागी थिए। कार्यक्रमको सहजीकरण राष्ट्रिय मानवअधिकार प्रतिष्ठानका केन्द्रीय सदस्य डा. रुपक खनाल र सञ्जालका सहसचिव दीपक दासले गरेका थिए।

# गाउँपालिका अध्यक्ष र उपाध्यक्ष विवाह बन्धनमा बाधिँदै





**झापा, मंसीर २५।** पोखराको एक गुम्बामा आज शुक्रवार गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच विवाह हुने भएको छ।

कास्कीको माछापुच्छे गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङ र मुस्ताङकी घरपजोङ गाउँपालिकाकी उपाध्यक्ष शर्मिला गुरुङबीच विवाह हुने भएको हो।

गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच हुने विवाहमा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ प्रमुख अतिथि रहने कर्णबहादुरले जानकारी दिए।

उनले भने- 'हाम्रो मागी विवाह नै हो, विवाह कार्यक्रमको प्रमुख अतिथि मुख्यमन्त्री ज्यूलाई बनाउने निर्णय भए अनुसार नै उहाँलाई निम्तो दिइसकेका छौं।' कोरोना भाइरसको संक्रमणको जोखिम रहेकोले विवाहमा धेरैलाई निमन्त्रणा नगरिएको उनले बताए। विवाह बन्धनमा बाँधिन लागेका अध्यक्ष र उपाध्यक्ष दुबै तत्कालीन नेकपा एमालेबाट निर्वाचित हुन्।

# लैङ्गिक हिंसामुक्त समाजका लागि आफूबाटै शुरुवात गर्न जोड

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, मंसीर २५।** लैङ्गिक हिंसा न्यूनीकरण र मानवअधिकार रक्षाका लागि सबै सरोकारावाला चनाखो हुनुपर्नेमा जोड दिइएको छ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका सन्दर्भमा बिहीबार झापाको बिर्तामोडमा आयोजित छलफलमा स्थानीय सरकारका उपप्रमुख तथा महिला नेतृहरुले चनाखो हुनुपर्नेमा जोड दिएका हुन्। हिंसापीडितलाई न्याय दिलाउने प्रक्रियामा पीडकको पक्षबाट राजनीतिक तथा समूहगत दवाब झेल्नुपरेको उनीहरुले बताए।

बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईं, अर्जुनधारा नगरपालिकाकी उपप्रमुख कमला खतिवडा आचार्य र कनकाई नगरपालिकाकी उपप्रमुख मञ्जु प्रसाईंले न्याय सम्पादन गर्ने कार्यमा धेरै दवाब र चुनौति झेल्नुपरेको बताए। राजनीतिक पूर्वाग्रह, डर, धम्की, लोभबाट माथि उठेर न्याय दिलाउन आफूहरु प्रतिबद्ध रहेको उनीहरुको भनाइ थियो।

राजनीतिक लगायतका दवाब, प्रभाव एकातिर छ भने पीडितले न्याय माग्न अझ डराइरहेको अवस्थाले पनि न्याय सम्पादनमा चुनौति खडा भएको बताइएको छ। लैङ्गिक हिंसा तथा मानव अधिकार उल्लंघनका घटना बढिरहेको प्रति छलफलमा सहभागीले चिन्ता व्यक्त गरे। महिला नेतृहरुले हिंसापीडितलाई न्याय दिलाउनका लागि कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिए। राजनीतिक पूर्वाग्रहबाट मुक्त भएर सरकारका प्रतिनिधिले न्याय दिलाउनुपर्ने उनीहरुले बताए। हिंसा न्यूनीकरणका लागि सचेतना, कानूनी शिक्षा, अभिवृद्धि, हिंसापीडितका लागि सेफ हाउस निर्माण, पीडितलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्नेमा सहभागीको जोड थियो।

छलफलमा एबीसी नेपाल झापा शाखाकी अध्यक्ष कञ्चना ढकाल सिटौला, नारी कल्याण संघ झापाकी अध्यक्ष प्रेमा भट्टराई, मेची-महाकाली बुहारी आवाज झापाकी संयोजक शिखा खड्का गणेश, नेपाल महिला संघकी उर्मिला ढकाल पोखरेल, वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा भण्डारी पौडेल, लायन्स क्लव अफ बिर्तामोड लेडीकी अध्यक्ष उर्मिला बिमली खरेल, बिर्तामोड उद्योग वाणिज्य संघकी उपाध्यक्ष पार्वता खरेल बिमली, महिला मुक्ति अभियान झापाकी अध्यक्ष राधा सुब्बा, राष्ट्रिय आदिवासी जनजाति महासंघकी माया गुरुङ, अर्जुनधारा नगरपालिकाकी बोर्ड सदस्य शकुन्तला बराल, शान्ता श्रेष्ठ लगायतका वक्ताले सबैखाले हिंसाबाट मुक्त गरी सामाजिक न्याययुक्त समाज निर्माणमा जोड दिए।



तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

संवाद समूह झापाले संयोजन गरेको छलफलमा चार बुँदे साझा निष्कर्ष समेत निकालिएको छ। साझा निष्कर्षमा लैङ्गिक हिंसा नियन्त्रण तथा रोकथामका लागि स्थानीय सरकारहरुले विभिन्न संघ-संस्था एवम् सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने, लैङ्गिक हिंसा न्यूनीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिने, सरोकारवालाबीच निरन्तर छलफल तथा लक्षितवर्ग समुदायमा सचेतना अभिवृद्धि गर्ने, लैङ्गिक हिंसा नियन्त्रण र रोकथामका लागि कनकाई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाले आफ्ना पालिकामा र पालिका अन्तर्गत रहेका सुरक्षा प्रशासन, सामाजिक संघ-संस्थासँग समन्वय गरी पर्न आएका लैङ्गिक हिंसाका उजुरीबारे तथ्यांक लिने, संघ-संस्था लगायतका सरोकारवालाले सहयोग गर्ने र सबैको सहकार्यमा अघि बढ्ने, कम्तीमा महिनामा एकदिन पालिकामा उपप्रमुख/उपाध्यक्षसँग हिंसापीडितको गुनासो, सुनुवाई कार्यक्रम गर्न पहल गर्ने रहेका छन्।

महिलासँगै पुरुष पनि उत्तिकै हिंसापीडित रहेको कार्यक्रममा बताइयो। दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, पिछडावर्ग, अपाङ्गता भएका, चेतनाले पछि परेका, आर्थिक रुपमा विपन्नहरु बढी मात्रामा हिंसापीडित भएको समेत औंल्याइएको छ। लागूपदार्थ तथा मादकपदार्थ सेवन, वैदेशिक रोजगार लगायतका कारण पनि हिंसा बढेको बताइएको छ। परिवर्तन र लैङ्गिक हिंसामुक्त अभियान हरेकले आफू र आफ्नो परिवारबाट शुरु गर्नुपर्नेमा उपप्रमुख तथा महिला नेतृहरुको जोड थियो। सामाजिक न्याययुक्त समाज निर्माणमा सबै लाग्न उनीहरुले अपिल समेत गरे। कार्यक्रमको सहजीकरण अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए।

# अवैधधन्दा बढ्दै, ६६ लाखको सामान बरामद

**काँकरभिट्टा, मंसीर २५।** कोरोना भाइरस महामारी नियन्त्रण र रोकथाकमा लागि सरकारले भारतसँगको बोर्डर सिल गरेको छ। आवगमनका लागि तोकिएका नाकाबाहेक अन्यत्रबाट मानिसलाई आवतजावत गर्न रोक लगाइएको छ।

तर, पनि खुला सीमानाको फाइदा उठाएर व्यापारीहरुले आसपासका नाका प्रयोग गर्दै अवैधरुपमा धन्दा चलाइरहेका छन्। उनीहरुले विहान साँझपख अवैध रुपमा सामान निकासी पैठारी गरिरहेका छन्। सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट काँकरभिट्टाको तथ्याङ्कले पनि यसलाई पुष्टि गरेको छ।

चालू आर्थिक वर्ष २०७७/२०७८ को पहिलो चौमासिकमा जिल्लाका विभिन्न नाका हुँदै अवैधरुपमा आयात निर्यात गर्दैगर्दाको अवस्थामा ६६ लाख ८२ हजार ८ सय ४० रुपैयाँका मालवस्तु पक्राउ गरी आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाएको छ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट काँकरभिट्टाका वीओपी पति सशस्त्र प्रहरी निरीक्षक प्रेमकुमार राईले सो अवधिमा सशस्त्र प्रहरी टोलीले लत्ताकपडा, मोटर, मोवाइलका पार्ट्स, जुत्ता चप्पल, मटर, सुर्ती, छोकडा, किराना सामानसहित अन्य खाद्य सामग्रीलगायतका मालसामान पक्राउ गरिएको बताए। सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्टको १० वटा काम कर्तव्यमध्ये सीमा क्षेत्रमा हुने अवैध चोरी, निकासी पैठारी रोकथाम तथा नियन्त्रण गर्ने जिम्मेवारी पनि हो। बोर्डर सिल हुँदा पनि तस्करी हुने गरेका कारण यसलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी चौवीसै घण्टा सक्रिय रहेको उनको भनाइ छ।

लागूपदार्थ, जडिबुटी, बन पैदवार तथा बन सम्पदा, बन्यजन्तुका आखेटोपहार लगायत प्रचलित कानूनले अवैध ठहर्‍याएका बस्तुहरुको आयात निर्यातमा रोक लगाउन सहयोग पुर्‍याउनु पनि सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्टको काम कर्तव्यमा पर्दछ। यसै अन्तर्गत सो अवधिमा सशस्त्र प्रहरीले फेनारगन, लुपिजेसिक र डाइजेपाम ७२ एम्पुलसहित दुईजनालाई समेत नियन्त्रणमा लिएको वीओपीपति सशस्त्र प्रहरी निरीक्षक राईले बताए।

९ सय ६ ग्राम ब्राउन सुगरसहित दुईजनालाई समेत सोही अवधिमा नियन्त्रण गरी आवश्यक कारवाहीका लागि सम्बन्धित कार्यालयमा बुझाइएको उनले जानकारी दिए। अहिले सवैको ध्यान कोरोना भाइरसको महामारी नियन्त्रण र रोकथाममा केन्द्रित रहेका बखत अन्य अवैध गतिविधि नहुन् भन्ने उद्देश्यले सशस्त्र प्रहरीले सीमा क्षेत्रमा निक्कै सुरक्षा सतर्कता अपनाएको उनको भनाइ छ।

सीमा अतिक्रमण रोक्ने तथा सीमा इलाकामा रहेका सीमा स्तम्भहरुको अवस्था बारे अनुगमन र निरीक्षण गरी मासिक रुपमा मजकुर गण, बाहिनी तथा प्रधान कार्यालयमा जाहेर गर्ने काम सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्टको पहिलो प्राथमिकतामा पर्दछ। त्यसका लागि भारतीय सीमाक्षेत्रका आफ्ना समकक्षीहरुसँग बेला बखत छलफल, बैठक र संयुक्तरुपमा सीमा स्तम्भहरुको अवस्था बारे अनुगमन र निरीक्षण गर्ने गरिएको छ।

सीमावर्ती क्षेत्रमा जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन नियमित पेट्रोलिङ गरी प्रतिकूल कार्य हुन नदिने, सीमा क्षेत्रमा हुने वा हुन सक्ने विभिन्न आपराधिक क्रियाकलापहरु टिविसीको रोकथाम तथा नियन्त्रण गर्ने, चेलिबेटी बेचबिखन, जीउमास्ने बेच्ने तथा अपहरण गरी बन्धक बनाउने जस्ता आपराधिक कार्य नियन्त्रणको लागि स्थानीय तहहरुलाई सहयोग पुर्‍याउने, अवैधरुपमा घुसपैठ गर्ने वा गैरकानूनी रुपमा बसोबास गर्ने व्यक्तिहरुको पहिचान गरी त्यस्तो कार्य नियन्त्रण गर्ने रहेको छ।

त्यस्तै सीमाक्षेत्रबाट आवतजावत गर्ने विदेशी नागरिकहरुको सम्बन्धमा अध्यागमन कार्यालयसँग अभिलेख माग गरी अद्यावधिक राख्ने, अध्यागमन कार्यालयले सहयोग मागेमा आवश्यक सहयोग गर्ने, आफ्नो जिम्मेवार क्षेत्रमा हुने प्राकृतिक प्रकोप, आगलागी जस्ता घटनामा उद्धार गर्ने कार्य र विभिन्न संगठित तथा जघन्य अपराधको रोकथाम गर्ने, अवैध हातहतियार, गोली गट्ठा, विष्फोटक पदार्थ जस्ता अतिसंवेदनशील बस्तुहरुको निकासी पैठारी नियन्त्रण गर्नेलगायतका काम सशस्त्र प्रहरी बल नेपाल सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्टको काम कर्तव्यमा पर्ने गरेको पोष्टले जनाएको छ।

# जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

**ललितपुर, मंसीर २५।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा महालक्ष्मी नगरपालिका-८ लुभू टाउन प्लानिङ बस्ने २१ वर्षीय श्रीकृष्ण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

श्रीकृष्णले ती किशोरीलाई ललाई फकाई पटकपटक जबरजस्ती करणी गर्दै आएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग लुभुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## रोकिएन ...

बालिकालाई जबर्जस्ती करणी गर्ने प्रयास गरेको आरोप लागेको छ। सशस्त्र प्रहरीको कुञ्जिबारी बोर्डर अब्जर्भेसन पोष्ट (बीओपी) अन्तर्गत गौरीगञ्ज गाउँपालिका-२, कोरोबारीस्थित सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरी सहायक निरीक्षक कटुवालले सीमान्तकृत समुदायकी बालिकालाई जबर्जस्ती करणी गर्न खोजेको परिवारले आरोप लगाएका छन्। आइतबार राति साढे ९ बजेतिर घरमा सुत्ने तरखर गरिरहेकी बालिकालाई घरभित्रै प्रवेश गरी कटुवालले जबर्जस्ती करणीको प्रयास गरेको बताइएको छ।

यो त झापामा भएका महिला हिंसाका घटना मात्रै हुन्। बलात्कार तथा बलात्कार प्रयासका घटना देशभर धेरै रहेको महिला अधिकारकर्मीहरुको भनाइ छ। कतिपय घटना बाहिर आउने गरेपनि केही घटना भने अझै बाहिर नआएको उनीहरु बताउँछन्। सचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि हिंसाका घटनामा कमी आउन नसकेको उनीहरुको भनाइ छ।

यता प्रहरीले भने अधिकांश हत्या तथा बलात्कारका अपराधमा संलग्नहरुलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिएका छन्। महिला भएको कारणबाट महिलामाथि गरिने शारीरिक, मानसिक, सामाजिक तथा बौद्धिक शोषण, दमन, यातना र दुर्व्यवहारहरूलाई महिला हिंसा भनिन्छ। महिला पुनर्स्थापना केन्द्र ओरेकका अनुसार महिला हिंसाविरुद्धको १६ दिने अभियान डोमिनिकन गणतन्त्रका मिराबेल परिवारका तीन दिदीबहिनीहरूको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६०मा गरेको निर्मम हत्यासँग जोडिएको छ।

संयुक्त राष्ट्रसंघले पनि १९९०देखि नोभेम्बर २५लाई महिला हिंसाविरूद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरेपछि यो दिवस मनाउन थालिएको हो। नेपालमा भने सन् १९९७देखि यो दिवस मनाउन शुरु गरिएको हो। तर, दिवस मनाउन शुरु गरिएको ३० वर्ष पुग्दा पनि महिलाबिरुद्ध हुने गरेका हिंसा भने अझै यथावत छन्।

## आमालाई ...

अस्मिताले भोलिपल्ट छोरी अनिशालाई सुनाइन्। त्यसपछि अनिशा माइत आएर आमालाई किन कुटेको भन्दै नेत्रबहादुरमाथि कुटपिट गर्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ।

## चारआली ...

हुन्। हुलाकीले सडक विस्तार गर्दा दायाँबायाँ १५-१५ मिटर र थप ६-६ मिटर साइट ब्याकअप हुनुपर्छ भनी राजपत्रमै सूचना प्रकाशित गरिसकेको छ। सडक निर्माणको काम शुरु गर्दा हुलाकीले आफ्नै नियम पालना नगरी काम सुरु गरेकोमा स्थानीयले आपत्ति जनाएको छ। जनप्रतिनिधिसहित स्थानीयको घरटहरा भत्किने भएकोले अहिले खुम्च्याएर सडक निर्माण गर्न खोजिएको प्रष्ट देखिन्छ। सडक बन्ने भएपछि यसअघि नै घरेलु तथा साना उद्योग कार्यालय, पूर्वाधार विकास कार्यालय, विद्युत् प्राधिकरण, कृषि विकास बैङ्कले आफ्नो जमिन खाली गराइसकेका छन्। तर, जिल्ला समन्वय समिति झापा र जिल्ला सहकारी संघको सटर पसल र अन्य व्यक्तिले भने ठाउँ खाली गर्न मानेको छैन।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**बिमालेख हरायो**
भद्रपुरबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०६/०५ गते मेरो निम्न व्यहोराको आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम:- गंगाबहादुर जिमी
ठेगाना:- भद्रपुर, झापा
पोलेसी नं.:- १०४०००३०९
कम्पनी नाम: आईएमई लाइफ इन्स्योरेन्स क.
सम्पर्क: ९८१४०९०९२७

**बिमालेख हरायो**
बिर्तामोडबाट भद्रपुर आउने क्रममा यही मिति २०७६/०६/१० गते मेरो निम्न व्यहोराको आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम:- शान्ताकुमारी परा
ठेगाना:- भद्रपुर, झापा
पोलेसी नं.:- १०४०००८५०
कम्पनी नाम: आईएमई लाइफ इन्स्योरेन्स क.
सम्पर्क: ९८१४०९०९२७

**डा. रवि शाही**
MBBS, MD. DM
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौं
बरिष्ठ मुटु रोग विशेषज्ञ
के तपाई मुटु सम्बन्धी कुनै पनि समस्या हुनुहुन्छ ? या उच्च रक्तचापको समस्यामा हुनुहुन्छ ? यदि हुनुहुन्छ भने मुटु रोगमा DM (Cardiologist) गर्नु भएका बरिष्ठ विशेषज्ञ डा. रवि शाही हरेक महिनाको तेस्रो शनिवार गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंबाट प्रदीप फार्मेसी, भद्रपुररोडमा आउँदै हुनहुन्छ। समयमा नै सम्पर्क गरी ढुक्क बन्नुहोस्।
सम्पर्क: प्रदीप फार्मेसी
भद्रपुररोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४३७९५,
मो. ९८५२६७७८२३, ९८०२६७७८२६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## अधुरो जीपी भवन : प्रमको प्रतिष्ठा

**झापाको भद्रपुरमा पाँच वर्षअघि शिलान्यास गरिएको गौरवको आयोजना गिरिजाप्रसाद कोइराला स्मृति सभागृह जीपी भवन निर्माण सम्पन्न नहुनु मूलतः भद्रपुरबासीका लागि दुर्भाग्य हो । पूर्व प्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाको स्मृतिमा निर्माण गरिने भनिएको सो भवनको निर्माण कार्य विगत डेढ वर्षदेखि अलपत्र भएको छ । दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ०७२ असार २८ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, वर्तमान प्रधानमन्त्री एवम् तत्कालीन एमाले अध्यक्ष केपी शर्मा ओली र तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका तत्कालीन अध्यक्ष विजयकुमार गच्छदार लगायतको उपस्थितिमा भएको शिलान्यास र निर्माण कार्यले पूर्णता नपाउनु दुःखद् विषय हो । शिलान्यास गर्ने समूहका सुशील कोइरालाको देहावसान भइसकेको छ भने दुई नेता हाल सत्तारुढ नेकपाका अध्यक्ष रहेका छन् । यति भएर पनि झापाकै गौरवको आयोजनाको निर्माण अवरुद्ध हुनु सरकारकै गैर जिम्मेवारीपूर्ण रवैया भएको टिप्पणी हुन थालेको छ ।**

**त्रिपन्न मिटर लम्वाइ र चौंतीस मिटर चौडाइको सो भवन निर्माणको जिम्मा प्रेरा साह जेभी निर्माण कम्पनीले लिएको थियो । करिब तेह्र करोड रुपैयाँको लागतमा निर्माण शुरु गरेको भवन अझै अलपत्र रहनुले नेतृत्वप्रति अविश्वास र आशंका उब्जिन सक्छ । तत्कालीन पक्ष–प्रतिपक्ष सबै मिलेर शिलान्यास गरेको भद्रपुरको केन्द्रमा जिविसको स्वामित्वमा रहेको जग्गामा सुविधासम्पन्न सार्वजनिक गृहको सम्पन्नताले स्थानीय मात्र होइन राष्ट्रिय महत्वका कार्यक्रमहरु सम्पन्न गर्न सहज हुने थियो । निर्माण कम्पनीका प्रोप्राइटर रञ्जीत साह सरकारले बजेट निकासा नगरेका कारण काम अलपत्र परेको बताउँछन् । हालको जिल्ला समन्वय समितिले योजनाको अनुगमन गर्न पाएको जिम्मेवारी अनुरुप निर्माणको निरीक्षण, अनुगमनका क्रममा सरकारसँग बजेट निकासा गर्न गरेको अनुरोधको पालना नगर्नु आफैंमा लाजमर्दो कुरा हो ।**

**जिल्ला समन्वय समितिका अध्यक्ष सोमनाथ पोर्तेलले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भवन निर्माणको म्याद थप्न नमानेको बताएका छन् । वर्तमान प्रधानमन्त्री प्रतिष्ठासँग समेत जोडिएको यो भवनको सम्पन्नताले जिल्लाकै गौरव बढ्ने निश्चित छ । आफ्नो गृह जिल्लामा आफूले समेत शिलान्यास गरेको भवन अलपत्र पर्दा अन्य आयोजनाहरुको हालत के होला अनुमान गर्न सकिन्छ । त्यसैले प्रधानमन्त्री समक्ष यो विषय पुऱ्याएर भवनको सम्पन्नतामा जिल्ला समन्वय समितिका अध्यक्षले दवाब सृजना गर्नुपर्छ । अन्यथा राजनीतिक दलहरुमाथिको विश्वास अविश्वासमा बद्लिन समय लाग्दैन । यसतर्फ सम्बद्ध संस्था व्यक्ति, सत्तारुढ दलको ध्यानाकर्षण हुनुपर्दछ ।**

हिंसा न्यूनीकरणको उत्तम विकल्प :

# महिला सशक्तिकरण र उद्यमशीलता



सावित्रा दाहाल भट्टराई



'Orange the World : Fund, Respond, Prevent,Collect !' भन्ने अन्तर्राष्ट्रिय नारा र 'लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता, व्यक्ति, समाज र सबैको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ यस वर्षको लैङ्गिक हिंसाविरुद्धको सोह्र दिने अभियान यही मिति २०७७ मंसीर १० गते अर्थात् २५ नोभेम्वरदेखि शुरु भई आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको दिन अर्थात् डिसेम्वर १० को दिनदेखि समाप्त हुँदैछ।

यस अभियानको ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्दा सन् १९६० को नोभेम्बर २५ का दिन डेमिनिकल रिपब्लिकका तीन मिराबल दिदीबहिनीहरू (पाट्रिया, भनिर्भा र मारिया)को तत्कालीन तानाशाह राफेल त्रुजिलो सरकारले निर्मम तरिकाले हत्या गरेको थियो। तानाशाह त्रुजिलो सरकारविरुद्ध सशक्त आन्दोलन गरेका कारण उनीहरूको हत्या गरिनुका साथै परिवारले पनि निकै यातना भोग्नु परेको थियो। अन्त्यमा त्रुजिलो सरकार घुँडा टेक्न बाध्य भएको थियो। 'अनफर्गेटएबल बटरफ्लाइज' को उपनामले चिनिने तीन दिदीबहिनीको त्याग र उच्च साहसको सम्मान गर्दै २५ नोभेम्बरमा ल्याटिन अमेरिकी देशहरूमा महिला हिंसाविरुद्धको दिवसका रूपमा मनाउन थाले। त्यसको झण्डै चार दशकपछि १७ डिसेम्बर १९९९ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले त्यसै दिनलाई अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्धको दिवसको रूपमा मनाउने घोषणा गऱ्यो। त्यसपश्चात यो अभियानले विश्वव्यापी मान्यता पायो र विश्वभरि एकैसाथ यो अभियान सञ्चालन हुँदै आइरहेको छ। नेपालमा भने यो अभियान वि.सं. २०५४ सालदेखि मनाउन थालिएको हो।

नोभेम्बर २५ मा महिला हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस र डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस पर्दछ। महिलाविरुद्धको हिंसा मानव अधिकारकै मुद्दा भएकोले यी दुई दिवसबीचका १६ दिनलाई अभियानका रूपमा लिइने गरिन्छ। नेपालमा पनि प्रत्येक वर्ष आयोजना गरिने यो १६ दिने अभियानलाई राष्ट्रव्यापी रुपमा मनाइन्छ। नेपालमा यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विविध कार्यक्रमसहित यो अभियानलाई देशव्यापी रुपमा मनाएको छ। कुनै व्यक्तिलाई शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिनुका साथै र गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने व्यवहार वा कार्यलाई हिंसा भनिन्छ भने लिङ्गको आधारमा गरिने भेदभावजन्य व्यवहारलाई लैङ्गीक हिंसा भनिन्छ। नेपालमा लैङ्गीक हिंसाको शिकार खासगरी महिला हुने गरेका छन्।

महिला भएकै कारणले महिलामाथि गरिने सबै प्रकारका हिंसाहरू महिलाविरुद्धका हिंसाहरू हुन् अर्थात् महिलामाथि शारीरिक, मानसिक र संवेगात्मकरुपमा क्षति पुऱ्याउने कुनै पनि कार्य महिला हिंसा हो। लैङ्गिक हिंसाका विभिन्न स्वरुपमध्ये महिलामाथि हुने यौनजन्य हिंसा अहिले विकराल बन्दै गइरहेको छ। यसको साथै घरेलु हिंसा, लगायत थुप्रै प्रकारका हिंसाको शिकार महिलाहरु भइरहेका छन्। हिंसाले महिलाको व्यक्तिगत जीवनमा मात्र असर पार्ने नभई यसले महिलाको स्वास्थ्यका साथै समग्र राज्यको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासमा समेत असर पार्दछ। यही कुरालाई मध्यनजर गर्दै सरकारले यस वर्ष 'लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता, व्यक्ति, समाज र सबैको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रव्यापी यो अभियानलाई मनाउँदै आजदेखि यो अभियानको समापन हुँदैछ।

महिला हिंसा नियन्त्रणमा राज्य संरचनाका अङ्गहरु कानून तर्जुमा र कार्यान्वयनमा संवेदनशील बन्नुपर्ने, विद्यालयस्तरको पाठ्यक्रममा यस्ता विषय समावेश हुनुपर्ने, आफ्ना बालबालिकालाई सानैदेखि घरमा हिंसा र यसबाट बच्ने उपायहरुको वारेमा जानकारी गराउनुपर्ने, पहुँचको आधारमा न्याय सम्पादन हुने प्रवृत्तिको अन्त्य हुनुपर्ने आदि जस्ता थुप्रै नियन्त्रणका उपायहरु अपनाउन सकिन्छ र सम्बन्धित पक्षहरुले प्रयास पनि गरिरहेका होलान्। तथापि यस्ता घटनाहरु दिन प्रतिदिन बढिरहेको नेपाल प्रहरीको तथ्याङ्कबाट समेत स्पष्ट हुन्छ। अझ कोरोना कहरको समयमा त झन् यस्ता हिंसा अझ बढिरहेका छन्। त्यसैले महिला हिंसा न्यूनीकरणका विभिन्न विकल्पहरु मध्ये उद्यमशिलता र महिला सशक्तिकरण उत्तम विकल्प हो।

महिला सशक्तिकरण महिलाले आफ्नो अधिकारको पहिचान गर्नु, प्राप्ति गर्नु र त्यसलाई सही रूपमा उपभोग गर्न सक्ने बनाउनुसँग सम्बन्धित छ। यसैगरी महिला उद्यमशीलता कुनै पनि महिला उद्यमीले अवसरहरु पहिचान गरेर ती अवसरहरुबाट फाइदा उठाउन विभिन्न जोखिम बहन गर्दै नयाँ व्यवसाय आरम्भ गर्ने र त्यसलाई निरन्तरता दिने क्रियाकलापसँग सम्बन्धित छ, जसको उद्देश्य प्राप्त साधन र स्रोतको उचित समायोजन र परिचालन गरी नयाँ कार्यको सञ्चालन गरी नाफा कमाउनु, आयआर्जन गर्नु वा जीविकोपार्जन गर्नु हो।

महिला सशक्तिकरण र उद्यमशीलताबीचमा नङ र मासुको जस्तै सम्बन्ध हुन्छ। जुन देशका नारीहरू शिक्षित छन्, आर्थिक रुपले सक्षम छन् त्यहाँ महिलाविरुद्ध हुने भेदभाव कम छ, दमन शोषण कम छ र आफ्ना अधिकारलाई पुरुष सरह बनाउने पक्षमा लम्किरहेका छन् र जुनसुकै ठाउँमा पनि उनीहरू मुकाबिला गर्न तयार छन्। राजनीतिक, सामाजिक, नैतिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा सशक्तिकरण छ भने अवश्य पनि राष्ट्रले स्वस्थ नागरिकको आशा गर्दछ। जुन समाजमा महिलाहरू सशक्त छैनन्। त्यस समाजमा हिंसा, दमन, अन्याय अत्याचारका घटना बढी हुने गरेका छन्, त्यसैले महिला हिंसा न्यूनीकरण गर्न र आर्थिक, सामाजिक, राजनीतिक लगायत हरेक क्षेत्रमा महिलाको पहुँच बढाउन र नीतिगत र निर्णायक तहमा महिलाको भूमिकालाई सशक्त बनाउन आर्थिक पहुँच बढी महत्वपूर्ण र अपरिहार्य आवश्यकता हो। यसको साथै राष्ट्रलाई सम्बृद्ध बनाउन र हिंसा न्यूनीकरण गर्न महिला उद्यमशीलता एक उत्तम उपाय हो।

महिला उद्यमशीलताले महिलाको आर्थिक क्षेत्रमा पहुँच मात्रै बढाउँदैन यसले महिलालाई हरेक क्षेत्रमा अग्रसर हुन आत्मबल, साहस र कला प्रदान गर्छ। निर्णायक क्षमताको विकास हुन्छ, नेतृत्वकलाको विकास र सामाजिकीकरणमा योगदान पुग्दछ, परिवारको जीवनस्तरमा सुधार आउँदछ, महिलालाई समस्या समाधानका उपायहरु सिकाउँछ, कामप्रतिको सम्मान गर्न र सकारात्मक भावनाको समेत विकास गर्न मद्दत पुऱ्याउँछ। खर्च न्यूनीकरण गर्ने प्रवृत्ति र आम्दानी गर्ने कलाको विकास गर्दछ। जसले गर्दा महिलाहरु पनि बढी व्यस्त हुने, पुरुषहरुले आम्दानी गर्ने महिलाका कुरा बढी सुन्ने, सामान्य खर्चका लागि परनिर्भर हुनुनपर्ने आदि जस्ता कारणहरुले गर्दा हिंसाको दरमा कमी आउँछ। जसले गर्दा घर, परिवार, समाज र राष्ट्रलाई आर्थिक रुपले सम्बृद्ध र हिंसामुक्त समाज बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

नेपालको अर्थतन्त्रमा महिला सहभागिता अर्थपूर्ण छ। कूल ग्राहस्र्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत रहेको वर्तमान परिप्रेक्ष्यमा महिलाको योगदान २ प्रतिशतभन्दा कम रहेको तथ्याङ्कले देखाउँछ। नेपालमा हाल ३६ हजार ६ सय उद्यमी रहेकोमा महिला उद्यमीको संख्या भने १० हजार ७ सय ३८ रहेको छ। तर, महिला उद्यमीको सहभागीता भने साना तथा मझौला उद्योग जस्तैः हाते कपडा, सिलाई, घरेलु उद्योगमा आदिमा रहेको छ।

महिलाहरुले हप्ताको १०४ घण्टा र पुरुषहरु ९८ घण्टा काम गरेको पाइन्छ। जसमध्ये आर्थिक क्रियाकलापमा महिलाहरुको सहभागिता केबल ३६ घण्टा प्रति हप्ता छ। गैर आर्थिक क्रियाकलाप वा घरभित्रको काममा महिलाहरुले २५ घण्टा र पुरुषहरुले ९ घण्टा मात्र काम गरेको देखिन्छ। सक्रिय महिलाहरुको ८२ प्रतिशत स्वरोजगार भएको देखिन्छ भने १२ प्रतिशत ज्यालादारीमा काम गरेको पाइन्छ भने ४ प्रतिशतभन्दा बढी महिलाहरु बिना ज्याला घरायसी काम गर्दछन्।

औद्योगिक व्यवसाय ऐन,२०७३ मा महिलाको स्वामित्वमा दर्ता उद्योगको दर्ता रजिष्ट्रेशन दस्तुरमा ३५ छुट हुने र बौद्धिक सम्पत्ति सम्बन्धी उद्योग दर्ता भएमा २० प्रतिशत छुट हुने व्यवस्था रहेको छ। लघुउद्यमलाई पहिलो पटक कानूनी मान्यता दिँदै महिलाको नाममा दर्ता भएका उद्योगलाई निःशुल्क दर्ता गर्ने र १० वर्षसम्म आयकर छुट दिने व्यवस्था गरिएको छ। घरेलु उद्योगलाई प्राथमिकता प्राप्त उद्योगको रुपमा वर्गीकरण गरिएको छ। साना तथा घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनका लागि उपकरार गरी उत्पादन गर्न सक्ने व्यवस्था छ। त्यसैगरी लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि स्थानीय स्तरमा जिल्ला स्थित घरेलु तथा साना उद्योग महासंघको समेत प्रतिनिधित्व रहने गरी जिल्ला उद्योग प्रवर्द्धन समितिको गठन हुने व्यवस्था हुने र महिला उद्यमीहरुको सरल वित्तीय पहुँचका लागि महिला उद्यमशीलता विकास कोषको स्थापना सम्बन्धी प्रावधान राखिएको छ, आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने महिला उद्यमी व्यवसायीहरुलाई व्यवसायको वित्तीय स्थितिको आधारमा निर्यात कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ। विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीका उद्योगहरुलाई प्राथमिकताका साथ स्थापना र सञ्चालन गर्ने व्यवस्था जस्ता महिला उद्यमीलाई प्रोत्साहन गर्ने थुप्रै प्रावधानको व्यवस्था गरिएको छ।

यसको अतिरिक्त महिलालाई आर्थिक रुपले बलियो बनाउन सरकारले आयकर ऐन, २०५८ मा व्यवस्था भए बमोजिम पारिश्रमिक आयमा १० प्रतिशत छुट, आर्थिक ऐन २०७३ मा व्यवस्था भए बमोजिम महिलाका नाममा घरजग्गा रजिष्ट्रेशन पास गर्दा २५ देखि ३५ प्रतिशत छुट, र ३३ प्रतिशत महिला दलित तथा अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने कम्पनी वा सेवा प्रदायक संस्थालाई २० प्रतिशत कर छुट लगायतका थुप्रै छुट सुविधा लगायतका प्रावधानको व्यवस्था गरेको छ। त्यसैले अगुवा महिलाहरुले दिवसलाई केवल कागजी रुपमा मात्र सिमित गर्नुभन्दा पनि कानूनमा भएको व्यवस्थाको बारेमा जानकारी लिँदै यसलाई अवसरको रुपमा उपयोग गरेर ग्रामीण भेग र दुर्गम क्षेत्रका महिलाहरुलाई पनि सहभागी गराउने गरी उद्यमशीलताको विकास गरिनु पर्दछ। आयातमुखी, परनिर्भरमुखी र विप्रेषणमुखी अर्थतन्त्र भएको हाम्रो मुलुकको विकासमा महिला उद्यमशीलता अर्थतन्त्र विकासको लागि कोशेढुङ्गा सावित हुन सक्दछ।

त्यसैले हिंसाको अन्त्य गर्दै यो देशको आर्थिक विकासमा योगदान पुऱ्याउनु हामी सम्पूर्ण नागरिकको कर्तव्य हो। यसका लागि सरकारले उमेर अनुसार महिलाले गर्नसक्ने कामको निर्धारण गरी सोही अनुरुपको स्पष्ट नीति, नियम र कानून ल्याएर उचित कार्यक्रमहरु ल्याउनु पर्दछ। झापाको परिप्रेक्ष्यमा कुरा गर्ने हो भने महिलाहरुले सञ्चालन गर्न सक्ने कृषिजन्य उद्योगहरु जस्तैः तरकारी खेती, फलफूल खेती, पशुपालन, मौरीपालन, च्याउखेती, फूलको खेती आदिमा उनीहरुलाई प्रोत्साहित गरेर लगानी र बजारको व्यवस्था गर्न सरकारले सहयोग गर्नुपर्दछ। सीपजन्य उद्योगहरुः बुटिक, कटिङ्ग, अगरबत्ती बनाउने, ममवत्ति बनाउने, ब्युटीपार्लर, टपरी बनाउने, बात्ती काट्ने, जनै बनाउने, विद्युतीय सामग्रीको मर्मत आदि जस्ता सीपजन्य उद्योगको विकास गरेर महिलालाई आत्मनिर्भर बनाउन सकिन्छ।

त्यसैगरी दुर्लभ कच्चा सामग्रीहरुः अलैंची, चिराइतो जस्ता कच्चा सामग्रीको प्रयोग गरेर उत्पादन गरिने वस्तुको लागि यही मेची अञ्चलमा नै उद्योग सञ्चालन गरेर यहाँको भौतिक, वित्तीय र मानवीय स्रोत र साधनको परिचालन गरी रोजगारीको अवसरहरु सृजना गरेमा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन भई समग्र राष्ट्रको आर्थिक विकासमा सकारात्मक योगदान पुग्दछ। अन्यथा अवको दश वर्षमा पैसा भएर पनि गुणस्तरीय खाद्य वस्तु र अन्य उपभोग्य सामाग्री नपाउने र हरेक कुरामा विदेशीको भर पर्नुपर्ने हुँदा उनीहरुले नाका बन्द गरेका दिन नेपाली भोकै र नाङ्गै हुनुपर्ने दिन आउने छ। त्यसैले समयमा नै सचेत भएर यो राष्ट्रको दुर्गती हुनबाट जोगाउन यही दिवसबाट महिला उद्यमशिलताको शुरुवात गरौ र महिला हिंसाको अन्त्य गरौं।




बिर्तामोड-२ कि ५७ वर्षीया जानुका सञ्जेल सामाजिक क्षेत्रमा अग्रस्थानमा आउने गरेकी छन्। समाज सेवालाई पहिलो प्राथमिकतामा राखेकै कारण उनी सबैको सारथी बन्न सफल भइन्। हाल विभिन्न संघ-संस्थामा आवद्ध रहेकी जानुका चारपाने साना किसान सहकारी संस्थाको

सामाजिक कार्यमा उदाहरणीय नेतृ जानुका सञ्जेल भन्छिन् -

## महिला सशक्तिकरण र समाजसेवा मेरो लक्ष्य

अध्यक्ष हुन्। उनीसँगको कुराकहानीको संम्पादित अंश :

**संस्थाको हालको अवस्था के छ ?**

- चारपाने साना किसान सहकारी संस्थाको २०७७/०७/३० सम्मको अवस्था हेर्ने हो भने निक्षेप ९४ लाख २२ हजार तीन सय ६७ रुपैयाँ रहेको छ। त्यस्तै लगानीतर्फ दुई करोड आठ लाख ६५ हजार तीन सय ९० रुपैयाँ रहेको छ।

**संस्थामा कति सदस्य हुनुहुन्छ ?**

- चारपाने साना किसान सहकारी संस्थाको सदस्य संख्या सात सय ३६ जना रहेको छ। जसमध्ये महिला सदस्य छ सय ९५ जना रहेका छन् भने पुरुष सदस्य ४१ जना रहेका छन्। यो संस्थामा पुरुषभन्दा महिलाको संख्या धेरै रहेको छ। र, यसको नेतृत्व महिलाले नै गरेको छ भन्दा खुशी लाग्छ।

**तपाईंले नेतृत्व लिनुअघि संस्थाको अवस्था र तपाई आएपछि भएको प्रगतिलाई कसरी हेर्नुहुन्छ ?**

- २०७१ सालमा स्थापना भई हालसम्म आइपुग्दा हामी नौ जनाले शुरु गरेका आज हामी सात सय ३७ जनामा पुगेका छौं। एक हजार शेयर लागत र महिनाको दुई सय बचतबाट संख्या शुरु भयो। एउटा वडाबाट एकजना सदस्यले अरु सदस्य बनाउँदै आज हामी एउटा ठूलो परिवार बनेका छौं। एउटा सानो कोठामा धेरै साधनस्रोतहरुले काम शुरु गरेका हामी, आज आफ्नो एउटा सुविधासम्पन्न कार्यालयमा स्थापित गर्न सफल भएका छौं।

थोरै पुँजीबाट शुरु गरेर आज हामी हाम्रा शेयर सदस्यहरुलाई कम ब्याजदरमा ऋण उपलब्ध गराउन सफल छौं। तरकारी खेती, बाख्रा पालन, गाईपालन, बंगुरपालन गर्न चाहने सदस्यहरुलाई आर्थिक स्वावलम्बी बनाउन विभिन्न किसिमका ऋण उपलब्ध गराउँछौं। हामीले हाम्रा आठ जना सदस्यहरुलाई कृषि तालिमका लागि इजरायल पठाएर उहाँहरुलाई आत्मनिर्भर बन्न सहयोग गऱ्यौं। हाम्रो संस्थाले कम भए पनि रोजगारी दिएका छौं।

**संस्थाको आगामी योजना के छ ?**

- हाम्रो योजना धेरै अगाडि बढ्ने, धेरै माथि पुग्ने रहेको छ। निकट भविष्यमा कर्मचारी थप गरी अरु रोजगारी बढाउने, विभिन्न कृषि कार्यक्रम ल्याएर हाम्रा किसान शेयर सदस्यहरुलाई थप सक्षम बनाउन र थप सबल बनाउने हाम्रो प्रयास जारी छ। कोरोना कहरका बीच पनि हामीले विभिन्न कामलाई अघि बढाइरहेका छौं। यो संस्थालाई थप जिम्मेवार र व्यवस्थित बनाउँदै अघि बढ्ने हाम्रो योजना रहेको छ।

**तपाई अब कसरी अगाडि बढ्ने सोचमा हुनुहुन्छ ?**

- चारपाने साना किसान सहकारी संस्थालाई अझ मजबुत बनाउँदै अघि बढ्ने सोच बनाएको छु। अब सामाजिक कामका साथै शेयर सदस्यलाई व्यवसायिक बनाउन विभिन्न योजना बनाएर अघि बढ्ने सोच बनाएको छ। सबै जनाको सामुहिक सहभागिता र सक्रियता रहेका हामीले जस्तोसुकै कामलाई पनि सफलतामा पुऱ्याउन सकिन्छ भन्ने उद्देश्यले अघि बढिरहेको छु।

**तपाई समाजसेवामा सक्रिय हुनुहुन्छ। कति वटा र कुन कुन संस्थामा आवद्ध हुनुहुन्छ ?**

- पारालिगल कमिटी, असल शासन, नागरिक परिषद्, संगालो महिला सहकारी संस्था, शान्ति समितिहरुमा विगतमा काम गर्दै आएर अहिले साना किसानमा आवद्ध छु। म करिब एक दर्जन संघ-संस्थामा आवद्ध रहेको छु। लामो समयदेखि सामाजिक काममा आग्रसर हुँदै गर्दा विभिन्न क्षेत्रको नेतृत्व गर्ने अवसर पनि प्राप्त भयो। साथै मैले नेतृत्व सम्हालेका संस्थामा कुशलतापूर्वक कामलाई अघि बढाउन सफल भएँ।

**परिवारको साथ सहयोग कस्तो छ ?**

- एकदम धेरै साथ पाएर नै विगत २२-२३ वर्षदेखि सामाजिक सेवामा लाग्न पाएकी छु।

मेरो श्रीमान्, छोराछोरीको राम्रो साथ पाएको छु। सबैको साथ र सहयोगकै कारण आज हरेक क्षेत्रमा काम गर्ने अवसर प्राप्त गरेको छु। घरको कामसँगै मेरा हरेक क्षेत्रमा श्रीमान्, छोराछोरीले साथ दिएकाले मैले परिवारसँगै सामाजमा सामाजिक काम गर्ने अवसर पाएको छु। सामाजिक क्षेत्रमा क्रियाशील जानुकाका चार जना छोरा-छोरी रहेका छन्। श्रीमान् भीमनायारण सञ्जेल, छोराहरु केशवकुमार र दीपेन्द्र तथा छोरीहरु भूमिका र सुनीता रहेका छन् ।

**तपाईंको जीवनको लक्ष्य के छ ?**

- समाजसेवा नै मेरो लक्ष्य हो। सेवा नै सबैभन्दा ठूलो पूजा हो। समय र परिस्थितिले साथ दिए एउटा वृद्धवृद्धा, बालबालिकाको सेवा गर्ने लक्ष्य छ। सबैभन्दा ठूलो धर्म, पूजा, आस्था नै सेवा गर्नु हो। २०७२ सालबाट संस्थाको नेतृत्व सम्हालीरहेकी छु। अहिले पनि सबैको साथ र सहयोग प्राप्त भइरहेको छ। अब नेतृत्वको विकास गर्दै सहकारीलाई अझ प्रभावकारी ढंगबाट अघि बढाउने लक्ष्य साथ अघि बढेको छु।

आउन लागीरहेको सातौं साधारणसभा र तेस्रो अधिवेशनको लागि हाम्रो संस्थामा अब आउने कार्यकालहरु पनि सफल र समृद्ध रहोस् भन्ने शुभकामना दिन चाहन्छु। संस्थाको संस्थापक टिम यस्तो थियो- अध्यक्ष : वेदप्रकाश दाहाल, उपाध्यक्ष जानुकादेवी सञ्जेल र सदस्यहरुमा महेन्द्रकुमार राजवंशी, सरिता ओली, कृष्णकुमारी लिम्बू, केशव बस्नेत, गोमादेवी लिम्बू, पुष्पीता अधिकारी र ढुण्डीराज रिजाल रहेका थियौं।

# बिर्तामोड-१मा ब्रह्माकुमारी राजयोग गीता पाठशाला



**बिर्तामोड, मंसीर २५।** झापाको बिर्तामोड-१मा ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवनको शिलान्यास गरिएको छ।

बिर्तामोड-१का शिक्षासेवी तथा पत्रकार लक्ष्मण ढकाल र दुर्गादेवी ढकालले निःशुल्क प्रदान गरेको पौने तीन धुर जग्गामा उक्त भवन निर्माण गरिने भएको हो।

ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडको शाखाको रुपमा उक्त भवन निर्माण शुरु गरिएको ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी मुख्य सञ्चालिका ब्रह्माकुमारी पूर्णिमा दिदीले बताइन्। जातीभेद, धर्मभेद, वर्णभेद, लिङ्गभेद मेटाई एकापसमा भातृत्वप्रेमको विकासगरी नैतिकवान, चरित्रवान समाजको निर्माण गर्ने उद्देश्यले ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवनको निर्माण गरिएको उनले बताइन्।

मानव सबै एकै ईश्वरका सन्तान र एउटै परिवार भएको बताउँदै उनले समाजमा सुख, शान्ति, समृद्धि र मर्यादा स्थापनाका लागि एकजुट भएर अगाडि बढ्न ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवनको निर्माण गरिएको जानकारी दिइन्। ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी ब्रह्माकुमारी वृद्धदिदीको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख धुव्रकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ब्रह्माकुमारी हरितादिदीले स्वागत गरेकी थिइन्।

कार्यक्रममा प्रमुख अतिथि शिवाकोटीले ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवनको शिलान्यास गर्दै ब्रह्माकुमारी राजयोग संस्था अन्य धार्मिक संस्थाहरू भन्दा पृथक बताउँदै यसले समाजका सबै वर्ग, धर्म र सम्प्रदाय बीच शान्ति, सद्भाव र एकताको सन्देश दिँदै भाइचाराको पाठ पढाएको चर्चा गरे।

मानवलाई विभिन्न विकृति र कुसंस्कारहरूबाट मुक्त गराई आदर्श जीवनयापन गर्न सिकाउने पवित्र संस्थाको रूपमा ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र विश्वमा स्थापित भइसकेको बताउँदै उनले ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवन निर्माणका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाए।

कार्यक्रममा बिर्तामोड-१का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवनलाई बिर्तामोड-१कै गहनाको रुपमा विकसित गरिने र त्यसका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाए।

कार्यक्रममा जग्गादाता दुर्गादेवी ढकालले ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र जान नसक्ने महानुभावहरुलाई साधना गर्न सहज होस् भन्ने उद्देश्यले सकारात्मक सोचको विकास ईश्वरीय ज्ञान प्राप्त हेतु ब्रह्माकुमारी राजयोग गीता पाठशाला भवन निर्माणका लागि जग्गा प्रदान गरेको बताइन्। जग्गादाता दुर्गादेवी ढकाल र शौरभ ढकाललाई सम्मान गरिएको कार्यक्रममा नेपाल-भारत मैत्री संघका बिर्तामोड अध्यक्ष मोहन ढकाल, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष वेदप्रकाश अग्रवाल, पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौला लगायत ब्रह्माकुमार ब्रह्माकुमारीहरूको सहभागिता रहेको थियो।

शिव झण्डोत्तोलन तथा आध्यात्मिक प्रवचन गरिएको कार्यक्रमको सञ्चालन ब्रह्माकुमारी राजयोग सेवाकेन्द्र बिर्तामोडकी मुख्य सञ्चालिका ब्रह्माकुमारी पूर्णिमा दिदीले गरेकी थिइन्।

# हिंसा रोक्न एकजुट हुनुपर्नेमा जोड

**बिर्तामोड, मंसीर २५।** लैंगिक हिंसाबिरुद्धको १६ दिने अभियान अन्तर्गत बिर्तामोडमा कानूनी साक्षरता शिक्षा सम्बन्धी प्रशिक्षण सम्पन्न भएको छ।


नारी सञ्चार गृह झापाको आयोजना तथा बिर्तामोड-५को आर्थिक सहयोगमा उक्त कार्यक्रम भएको हो।

संस्थाकी अध्यक्ष भीमा शिवाकोटीको अध्यक्षता तथा बिर्तामोड-५का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो। कार्यक्रममा प्रमुख अतिथि लिङ्देनले समाजमा हिंसा घट्नुको साटो बढिरहेको बताउँदै यसको न्यूनीकरण गर्न सचेतना अभिवृद्धिका कार्यक्रम, कानूनी शिक्षा, महिलाको आर्थिकस्तरबृद्धिका कार्यक्रमहरु अझै पनि आवश्यक रहेको हुँदा नागरिक समाज, स्थानीय सरकार, प्रहरी प्रशासन र सञ्चारकर्मी एक ढिक्का भएर लाग्नुपर्ने बताए।

कार्यक्रमको औचियमाथि प्रकाश वडा सदस्य डीआर कडरियाले पारेका थिए। कार्यक्रममा नेपाल बार एशोसिएशन झापाकी सदस्य तथा अधिवक्ता देवी निरौलाले प्रशिक्षण दिएकी थिइन्। कार्यक्रमको स्वागत उपाध्यक्ष रेजिना गौतम र सञ्चालन सचिव भूमिका सुब्बाले गरेकी थिइन्।

त्यस्तै लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियान इलामको रोङ गाउँपालिकामा सम्पन्न भएको छ।

यस क्रममा गाउँपालिकाको ५ वटा वडामा सचेतनात्मक कार्यक्रम सम्पन्न भएको हो। अभियानको सम्पन्न गर्ने क्रममा गाउँपालिकामा समाजमा रहेका कुरिती, कुप्रथा र लैङ्गिक हिंसाबिरुद्ध अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो।



कार्यक्रममा बिभिन्न बिद्यालयका बिद्यार्थीहरु शिक्षक प्रतिनिधि संघ-संस्थाका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरुले समाजमा रहेको कुप्रथाहरुलाई हटाउने उपायको बारेमा आ-आफ्नो धारणा राखेका थिए। यसरी धारणा राख्ने हरुमा शान्तिपुर माध्यमिक बिद्यालयका शिक्षक प्रतिनिधि चन्द्र लकान्द्री, रोङ-५ सामाजिक अगुवा तुलसा ढुङगेल, रोङ-२को तारा ढुङ्गाना, करुणा फाउण्डेशनका प्रतिनिधि राजकुमार नेपाली शिक्षक गणेश पौडेल, रोङ-३ याङ्ग्रेकी पून्यमति मिश्र लगायत रहेका थिए। कार्यक्रममा गाउँपालिका अध्यक्ष शम्शेर राईले कुप्रथा एकैपटक उखेल्न नसकिने बताउँदै अब बिद्यालय शिक्षाबाट क्रमशः यी प्रथाहरु हटाउनु पर्नेमा जोड दिए। त्यसैगरी उपाध्यक्ष चन्द्रकला राईले आफूले महिनाबारी भएको अवस्थामा महिलाले भोग्नु पर्ने पिडा र बिभेद अन्त गर्न आग्रह गरिन्।

कार्यक्रममा वडा नम्बर १का वडाअध्यक्ष बुद्धिबहादुर ढकाल, ३का मात्रिका बराल, ४का सूर्य राई र ५ का युवराज खाप्तुवाले कुरिती र बिभेद अन्त्य गर्न पहल गर्ने बताए। मानब अधिकार मञ्च नेपाल इलामको सहयोगमा रोङ गाउँपालिकाले अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो।

## नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.
कमल गाउँपालिका-३, केर्खा झापाको

## कोटेशन माग सम्बन्धी सूचना

यस संस्थाको लागि तपशिल विवरणका परिमाणमा बिद्युतीय सामग्रीहरु आवश्यक भएकोले के कति दर भाउँमा उपलब्ध गराउन सकिन्छ प्रष्टसँग उल्लेख गरी यो सूचना प्रकाशित भएको ७ (सात) दिनभित्रमा संस्थाको मुख्य कार्यालय केर्खामा शिलबन्दी कोशन पेश गर्न बिक्रेता वा सप्लायर्सहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कोटेशन पेश गर्दा व्यवसाय दर्ता प्रमाण-पत्र नवीकरणसहितको, भ्याट दर्ता भएको प्रमाण पत्र र कर चुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपिहरुसहित पेश गर्नुपर्ने छ। नियमानुसारको कर कट्टा गरी मात्र भुक्तानी दिइने छ। म्याद नाघी आएका र रित नपुगेका कोटेशन उपर कुनै कार्वाही हुने छैन। प्राप्त कोटेशनहरु मध्ये पूर्ण वा आंशिक रुपमा छनौट गर्ने अधिकार संस्थामा निहीत हुने छ।

**तपशिल**

२) बिद्युतीय सामग्री
क) डेल/एचपी ब्राण्डेड डेस्टप कम्प्युटर थान ४
ख) क्यानन/ब्रदर प्रिन्टर थान २
ग) डटमेटिक प्रिन्टर थान २
घ) स्क्यानर थान १
ङ) युपिएस थान ५
च) सीसी क्यमरा जडान ६ स्थानमा २० वटा

**फणिन्द्रबहादुर कार्की:** व्यवस्थापक
फोन नं. ०२३ ४७५१८६, ४७५०३१

## कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## सँधियार सम्बन्धी १५ दिने सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७/८/७**

कमल गाउँपालिका क्षेत्रभित्र वडा नं. ५ साविक लखनपुर गा.वि.स वडा नं. १ का कि.नं. ६२३१ को ज.वि. ०-०-१५ जग्गामा घर नक्सा पास गरी पाउँ भनी २०७७।०८।०७मा कमल वडा नं. ५ बस्ने कमला लामाको नक्सासहितको दरखास्त पर्न आएकोले स्थानीय स्वायत शासन ऐन २०५५को परिच्छेद ९, दफा १५३ को (क) अनुसार चौतर्फी सीमानाको पूर्वतर्फ कि.नं.६१७२को सिर्जन उप्रेती, पश्चिमतर्फ कि.नं. १२७०को मणि भण्डारी, उत्तरतर्फ कि.नं. ६२३२को रमा थपलिया र दक्षिणतर्फबाटो भएको संधियारहरुले सो कि.नं. मा घर नक्सा पासको लागि आफ्नो जग्गा मिचिएको भएमा यस कार्यालयमा १५ दिनभित्र सबुत प्रमाणसहित रितपूर्वकको संधियारहरुले दरखास्त दिनु होला उचित कार्वाही हुनेछ। तोकिएको म्यादभित्र दरखास्त पर्न नआएमा पछि उजुरी लाग्ने छैन। ऐन नियमानुसार नक्सा पास भई जानेछ।

**कमल गाउँपालिका (झापा)**


## जग्गा बिक्रीमा
अर्जुनधारा-८ कदमगाछी नजिक ३२ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ।
**मो. ९८०७९१०२२२**

## आवश्यकता
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
गार्ड संख्या : २० (महिला/पुरुष)
**अन्नपूर्ण चोक बिर्तामोड**
**फोन : ०२३-५४५७८२**
९८०६०६१७००, ९८४४६८६९७०

## बिक्रीमा
बिर्तामोडमा चालू अवस्थामा रहेको आकर्षक रेष्टुरेन्ट तु-बिक्रीमा छ।
**सम्पर्क:**
९८४०९९५४०४,
९८४४६४५५७५

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## घर बिक्रीमा
**बिर्तामोड-५ मा**
**सम्पर्क: ९८१६९३४०८१**

## घर भाडामा
भद्रपुररोड अन्नपूर्ण चौकबाट करिब २०० फिट पश्चिम १८ फिटे पिच सडकमा जोडिएको १६०० S.F. भएको पहिलो तला अफिसियल हल २ वटा ट्वाइलेट, बाथरुम, किचन र एउटा ठूलो कोठा समेत भएको घर भाडामा छ।
**मो.९८४२६३४१५०, ९८४१५५६९७५**

## ब्यूटीपार्लर विक्रीमा
बिर्तामोडस्थित शनिश्चरे रोडबाट सिनेप्लाजा तर्फ जाने रोडमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर सुपथ मूल्यमा बिक्रीम छ। आवश्यकपर्ने महानुभावले सम्पर्क गर्नुहोला।
**मो. ९८४२७३१७५४, ९८६०५८६१७१**

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



**दमक सम्पर्क:**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो
काठमाडौंबाट सञ्चालित एसीयन होटल टेनिङ्गको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो। (तालिममा इण्डियन कुक, चाइनीज, कन्टीनेन्टल, इटालीयन र वेटर)

**हाम्रा विशेषता :**
१) काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने।
२) तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याउने।
३) तालिमपछि आफ्नो कम्पनीबाट विदेश पठाइने।
४) दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने।
५) तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङ्गमा पठाइने।
*नोटः तालिम धमाधम सञ्चालन भइरहेको छ सीट सिमित छ।*

**Asian Hotel Training Center**
पश्चिम बस स्टेण्डबाट १०० मिटर दक्षिण होटल टाइमलेस अगाडि
बिर्तामोडः ९८१२३५१२७१, ९८१०४८५५५०, ९८१२३५१२२६, इटहरीः ९८१२३५१२७१

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



**सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## नियमित कुखुरा बिक्रीमा
हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला।
**गान्धारी एग्रोफर्म**
**अर्जुनधारा-४, झापा**
९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

## सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



**सम्पर्क: ०२३-५५०६२०**
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## गमला चाहिएमा
घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



**सम्पर्क: भूपाल कार्की**
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर


## जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ को
## निर्वाचन कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना

संस्थाको विनियम २०७० को परिच्छेद-६, दफा ३२ को अनुसार अध्यक्ष-१, उपाध्यक्ष-१, कोषाध्यक्ष-१ र ७ सदस्य गरी जम्मा ११ जनाको सञ्चालक समिति र विनियमको दफा ४२ अनुसार लेखा सुपरिवेक्षण समितिमा संयोजक-१, सदस्य २ गरी जम्मा ३ जनाको लेखा सुपरिवेक्षण समिति आगामी ४ वर्ष कार्यकालका लागि स्वच्छ, निष्पक्ष, विवादरहित, पारदर्शी एवम् प्रजातान्त्रिक ढंगले निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने भएको हुनाले सम्पूर्ण शेयर सदस्यहरुको लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ।

**निर्वाचन कार्यक्रम**

| क्र.सं | विवरण | मिति | देखि | सम्म | स्थान |
|---|---|---|---|---|---|
| १ | नामावली प्रकाशन | २०७७/०९/१४ | बिहान १०:०० बजेदेखि | बिहान ११:०० बजेसम्म | संस्थाको कार्यालय |
| २ | नामावली उपर दाबी विरोध | २०७७/०९/१४ | बिहान ११:३० बजेदेखि | दिउसो २:०० बजेसम्म | संस्थाको कार्यालय |
| ३ | अन्तिम नामावली प्रकाशन | २०७७/०९/१४ | दिउसो २:०० बजेदेखि | बेलुका २:३० बजेसम्म | संस्थाको कार्यालय |
| ४ | उम्मेदवारको मनोनय दर्ता | २०७७/०९/१५ | बिहान ८:०० बजेदेखि | बिहान १०:०० बजेसम्म | संस्थाको कार्यालय |
| ५ | उम्मेदवारको नामावली प्रकाशन | २०७७/०९/१५ | बिहान १०:३० बजेदेखि | बिहान ११:०० बजेसम्म | संस्थाको कार्यालय |
| ६ | उम्मेदवार उपर दाबी विरोध | २०७७/०९/१५ | बिहान ११:३० बजेदेखि | बिहान १२:३० बजेसम्म | संस्थाको कार्यालय |
| ७ | दाबी विरोधपछि छानविन | २०७७/०९/१५ | दिउसो १२:४० बजेदेखि | दिउसो १:०० बजेसम्म | संस्थाको कार्यालय |
| ८ | दाबी विरोधपछि पुनः नामावली प्रकाशन | २०७७/०९/१५ | दिउसो १:३० देखि | दिउसो २:०० बजे | संस्थाको कार्यालय |
| ९ | उम्मेदवारको मनोनयन फिर्ता | २०७७/०९/१५ | दिउसो २:०० बजेदेखि | बेलुका ३:०० बजेसम्म | संस्थाको कार्यालय |
| १० | अन्तिम नामावली प्रकाशन | २०७७/०९/१५ | दिउसो ३:०० बजेदेखि | बेलुका ३:३० बजेसम्म | संस्थाको कार्यालय |

११. मतदान- पछि सूचना प्रकाशन गर्ने।
१२. मतगणना - पछि सूचना प्रकाशन गर्ने।
१३. परिणाम घोषणा - पछि सूचना प्रकाशन गर्ने।
१४. स्थान : जनश्रुती बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ को कार्यालयको सभाहल।

**निर्वाचन समिति**


## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?
**चिन्ता नलिनुहोस्। अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

**रबिन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

## बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८




**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अग्रजहरूले साथ दिनेछन्। इर्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा परिस्थितिले आफ्नै पक्ष लिनेछ। नियमलाई नछोडनु होला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको फाइदाका लागि उपयोग भइने सम्भावना देखिन्छ। प्रतिस्पर्धीहरूले केही दुःख दिनेछन्। बोलीको भरमा चिताएको काम बन्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सिर्जनात्मक कौशल तथा लेखन शैलीमा निखारता आउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बोलीको प्रभाव बढ्नेछ भने प्रशंसकहरू पनि बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। धार्मिक कार्य वा यात्रा होला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ। दिगो आम्दानी हुने काम फेला पार्न सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नजिकका साथीभाइ टाढिए पनि शुभचिन्तक फेला पर्नेछन्। तर, बलजफ्तीले हानी पुऱ्याउनेछ भने फाइदाका पछि लाग्दा आफन्त टाढिन सक्छन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** धेरै मेहनत परे पनि थोरैमात्र फल प्राप्त होला। आयस्रोत राम्रो देखिए पनि तत्कालै रकम हातलागी नहुन सक्छ।